# धन्यवाद

नेपाली मिडियाबारे अपेक्षाकृत बहस हुन सकेको पाइँदैन । नेपाली मिडियाको गुणात्मक सुधारका लागि यसबारे बहस गरिनु अपरिहार्य छ भन्ने मान्यता नै यो पुस्तकको जग हो । नेपाली मिडियालाई विभिन्न कोणबाट पर्गेल्ने उद्देश्यले पत्रकारिता जगतका केही अग्रणी व्यक्तिसँग गरिएको अन्तर्वार्तामार्फत नेपाली मिडियासम्बन्धी बहस अगाडि बढाउने प्रयास यहाँ गरिएको छ । प्रस्तुत पुस्तकको निर्माणमा धेरै व्यक्तिहरूको भूमिका उल्लेखनीय रह्यो । जसजसले यसको निर्माणको विभिन्न चरणहरूमा सघाए ती सबैप्रति आभार व्यक्त गर्दछु ।

यो अन्तर्वार्ता लिखित रूपमा गरिएको हो । बहस खँदिलो र गहन बनोस्, जवाफ राम्रोसँग सोचविचार गरी र आवश्यक परे खोजीनिति समेत गरी दिन सकियोस् भनेर लिखित अन्तर्वार्ताको शैली अपनाइएको हो । सर्वप्रथम अन्तर्वार्ताका लागि रोजाइमा परेका व्यक्तिसँग अन्तर्वार्ताबारे अनुमति लिएपछि उहाँ र उहाँको कर्म क्षेत्रबारे केही खोजबिन गरिएको थियो अर्थात् अन्तर्वार्ता लिन खोजिएको व्यक्तिले विगतमा लेखेका/बोलेका सन्दर्भको खोजीका साथै उहाँ संलग्न क्षेत्रमा भए गरेका कामबारे खोजी गरिएको थियो । त्यसैको आधारमा मैले प्रश्नको प्रारम्भिक मस्यौदा तयार पारेको हुँ । चौतारीका मिडिया अनुसन्धान समूहका साथीहरू प्रत्यूष वन्त, देवराज हुमागाई, कृष्ण अधिकारी र कोमल भट्टका साथै चौतारीका अन्य साथीहरू भास्कर गौतम, पूर्ण बस्नेत र हर्षमान महर्जनले मैले तयार पारेका मस्यौदालाई परिमार्जन गर्न सघाउनु भयो । व्यक्ति छनोटमा पनि उहाँहरू

लगायत नेपाली मिडियाबारे जानकार केही मित्रहरूसँग मैले सल्लाह गरेको थिएँ । उहाँहरू सबै प्रति म अनुगृहित छु ।

हरेकका लागि प्रश्नहरूको बेग्लाबेग्लै सेट तयार भएपछि जवाफका लागि अन्तर्वार्ता लिने व्यक्तिसमक्ष पठाइएको थियो । उहाँहरूले जवाफ फर्काएपछि त्यसमा नबुझिने कुनै सन्दर्भ भए त्यसलाई प्रस्टयाइदिन अनुरोध गरिएको थियो र केही सन्दर्भमा पुरक प्रश्न पनि गरिएको थियो, दोस्रो चरणमा । नेपाली मिडियाबारे गर्न खोजिएको यो अन्तर्वार्ताको प्रयास उहाँहरूको सहयोग र सदाशयता विना असम्भव थियो । मैले सोधेका प्रश्नहरूको जवाफ मिहिनेतपूर्वक लेखेर सघाउने सबै व्यक्तिहरूप्रति म आभारी छु ।

यस पुस्तकमा मैले गरेको काम र पुस्तक प्रकाशनका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानवअधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) ले आर्थिक सहयोग गरेको हो । उक्त संस्था र त्यसका उप-कार्यक्रम संयोजक मुरारी शिवाकोटीलाई धन्यवाद छ ।

अन्तमा, नेपाली मिडियाका विभिन्न पक्षबारे बहसलाई अघि बढाउने हेतुले प्रकाशन गरिएको यो पुस्तक मिडियाका विद्यार्थी, अनुसन्धानकर्ता, पत्रकार र मिडियामा रुची राख्ने सबैका लागि उपयोगी हुनेछ भन्ने विश्वास मैले लिएको छु ।